नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

बबरमहल, काठमाण्डौ

# सामाजिक सुरक्षा कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरुबारे संक्षिप्त जानकारी

# कोषको बारेमा

- स्थापना

२०६७ चैत्र ७

(१ प्रतिशत सामाजिक सुरक्षा कर)

- योगदानमा आधारित सामाजिक सुरक्षा योजना शुभारम्भ

२०७५ मङ्सिर ११

- योजना कार्यान्वयन

२०७६ श्रावण १ देखि

- सर्वोच्च कानुनी आधार

नेपालको संविधानको धारा ३४

(श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक)

- सञ्चालक समिति

सरकार, रोजगारदाता र योगदानकर्ताका प्रतिनिधि (१३ सदस्य)



# श्रम ऐन, २०७४ मा व्यवस्था भएबमोजिम रोजगारदाताले श्रमिकलाई उपलब्ध गराउनु पर्ने सुविधाहरु

**दफा ५२ सञ्चय कोषको ब्यवस्था गर्नु पर्ने:** १० प्रतिशत श्रमिकको आधारभुत पारिश्रमिकबाट कट्टा गरी त्यति नै रकम रोजगारदाताले थप गरि दिनु पर्ने ।

**दफा ५३ उपदान दिनु पर्ने:** सेवा प्रवेश गरेकै दिनदेखि लागु हुने गरी कम्तिमा प्रति महिना ८.३३% उपदानको ब्यवस्था गर्नु पर्ने ।

**दफा ५४ स्वास्थ्य उपचार बीमा गराउनु पर्ने:** बीमाशुल्क ५०/५०% ब्यहोर्ने गरी न्युनतम रु.१ लाख रुपैया सम्मको स्वास्थ्य उपचार बीमा गराउनु पर्ने ।

**दफा ५५ दुर्घटना बीमा गराउनु पर्ने:** सबै प्रकारका दुर्घटनालाई समेट्ने गरी रु. ७ लाख सम्मको दुर्घटना बीमा गराउनु पर्ने ।

**दफा ५६ रोजगारदाताले रकम भुक्तानी गर्नुपर्ने :** बीमा नगरेको कारण वा कुनै कारणवस बीमा मार्फत सुविधा नपाएको खण्डमा सम्पुर्ण क्षतिको दायित्व रोजगारदाता स्वयंको हुने ।



## दफा ५७ सामाजिक सुरक्षा कोषमा आउँदाको ब्यवस्था:

कोष सञ्चालनमा आई कोषले सञ्चालन गर्ने योजनाहरुमा सहभागि भए पश्चात दफा ५२, ५३, ५४, ५५ वापतको सुविधाको लागि छुट्टाछुट्टै ब्यवस्था गर्नु पर्ने छैन ।

# सामाजिक सुरक्षा कोषमा जम्मा हुने रकम



रोजगारदाताले

२० प्रतिशत

श्रमिकको आधारभूत पारिश्रमिकको ३१ %



श्रमिकको

११ प्रतिशत



# सामाजिक सुरक्षा कोषद्वारा हाल सञ्चालित योजनाहरु



# योगदान रकमको बाँडफाँड

१%




१.४%




श्रमिकको
आधारभूत
पारिश्रमिकको
३१%

०.२७%




२८.३३%




निवृत्तभरण योजना २० %
अवकाश योजना ८.३३%

# उदाहरण

मानौ, श्रमिकको आधारभूत पारिश्रमिक १० हजार रहेको छ।

श्रमिकको ११ प्रतिशत यानकी रु. ११०० काटेर त्यसमा रोजगारदाताले २० प्रतिशत यानकी रु. २००० थप गरी कुल रु.३१०० रुपैया कोषमा जम्मा गरिदिनुपर्दछ।

कोषमा प्राप्त श्रमिकको आधारभूत पारिश्रमिकको ३१% रकमलाई ४ ओटा योजनामा बाँडिन्छ

१%




रु.१००

१.४%




रु. १४०

०.२७%




रु.२७

२८.३३%




निवृत्तभरण योजना २० %

अवकाश योजना ८.३३%

रु.२८३३

EPAL


औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना
दुर्घटना र अशक्तता सुरक्षा योजना
आश्रित परिवार सुरक्षा योजना
वृद्ध अवस्था सुरक्षा योजना

# सुविधाहरु के छन्?



# स्किम १

## औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

### औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना



### योगदानकर्ता वा योगदानकर्ताको पत्नीलाई मातृत्व सुरक्षा योजना





# औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना



## पाइने सुविधाहरु

- चिकित्सकको परामर्श सेवा,
- अस्पताल भर्ना तथा शल्यक्रिया वापतको शुल्क,
- रोगको परीक्षण तथा उपचार वापतको खर्च,
- औषधिको बिल वमोजिमको खर्च,
- अस्पतालमा भर्ना नभएको तर उपचारका लागि अस्पतालमा आवत जावत गर्न सक्ने अवस्था नभई घरैमा बसी उपचार गराएकोमा चिकित्सक वा स्वास्थ्यकर्मीले विरामीको घरमै गई प्रदान गरेको परामर्श सेवा बापतको शुल्क ।



औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

# पाइने सुविधाहरु

## योगदानकर्ता वा योगदानकर्ताको पत्नीलाई मातृत्व सुरक्षा योजना



- पुरूष योगदानकर्ताको पत्नी वा महिला योगदानकर्ता गर्भवति भई नियमित गर्भ परीक्षण गराउँदाको खर्च,
- अस्पताल भर्ना भई प्रसुति सम्बन्धी शल्यक्रिया वा उपचार गराउँदाको खर्च,
- अस्पतालमा सुत्केरी हुँदाको खर्च,
- सुत्केरी भएको छ हप्ता सम्मको सुत्केरीसँग सम्बन्धित उपचार खर्च तथा तीन महिनासम्मको शिशुको उपचार वापतको खर्च

- योगदानकर्ता महिला भएको खण्डमा प्रसुती विदाबापत ६० दिन भन्दा माथिको थप ३८ दिनसम्मको भुक्तानी (आधारभुत पारिश्रमिकको ६० प्रतिशत)



# सुविधाको सीमा




- अस्पतालमा भर्ना भई उपचार गराउनुपर्ने योगदानकर्तालाई वार्षिक रुपमा एक लाख रुपैयाँमा नबढ्ने गरी
- योगदानकर्ता वा योगदानकर्ताको पत्नी तथा नवजात शिशुको उपचार खर्च समेत उल्लेखित रकमको हदमा नबढ्ने गरी
- अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्था बाहेकका योगदानकर्ताहरुलाई चिकित्सकको प्रेस्क्रिप्सन बमोजिमको सुविधा वार्षिक रुपमा बढीमा पच्चीस हजार रुपैयाँसम्म
- प्रसूति स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम यस्तो रकम चौविस हप्ता भन्दा बढी अवधिको गर्भपतन वा मृत शिशु जन्म भएको अवस्थामा समेत

# सुविधाका शर्त




- कोषमा कम्तिमा लगातार ३ महिना योगदान गर्ने योगदानकर्ताले यो सुविधा पाउने र योगदान गर्न छाडेको ३ महिनासम्म सुविधा दाबी गर्न सकिनेछ ।
- सुविधा दावी गर्ने योगदानकर्ताले कुल दावी रकमको २० प्रतिशत आफ्नो तर्फबाट व्यहोर्नुपर्नेछ ।
- यस्तो सुविधाको रकम Online माफत योगदानकर्ताको बैङ्क खातामा भुक्तानी गरिने छ ।
- स्वेच्छाले गरिएको गर्भपतनको भुक्तानी हुने छैन ।




# सुविधाका शर्त

- दुर्घटना भई उपचार गराएकोमा बाहेक दाँतको उपचारबापतको खर्च भुक्तानी हुने छैन
- प्लाष्टिक सर्जरी तथा अन्य कस्मेटीक प्रकारका उपचारहरूको भुक्तानी हुने छैन
- बारीयट्रीक (बोसो निकाल्ने) बापतको उपचारको भुक्तानी हुने छैन
- अन्य योजनाबाट दोहोरो भुक्तानी हुने गरी दाबी गर्न पाईने छैन

## स्किम २

# दुर्घटना तथा अशक्तता सुरक्षा योजना

### दुर्घटना वापतको सुविधा



### अशक्तता वापतको सुविधा



## दुर्घटना वापतको सुविधा



## पाइने सुविधाहरु

- रोजगारीजन्य (Work Related) दुर्घटना तथा ब्यवसायजन्य रोग (Occupational Diseases) को उपचारको सम्पुर्ण खर्च
- अन्य दुर्घटनाको रु.७ लाख सम्मको खर्च



## सुविधाका शर्त तथा सिमा

## दुर्घटना वापतको सुविधा



- दुर्घटना बापतको सुविधा योगदान सुरु गरेकै मितिबाट लागु हुने र योगदान गर्न छोडेपछि प्रदान नगरिने ।
- व्यवसायजन्य रोग वापतको सुविधा पाउन कोषमा २ वर्षको योगदान भएको हुनुपर्ने र व्यवसायजन्य रोग वापतको सुविधा योगदान गर्न छोडेको २ वर्षसम्म दाबी गर्न सकिने
- ब्यवसायजन्य रोगको पहिचान सम्वन्धित विषेसज्ञ डाक्टर सहितको स्वास्थ्य पुनरावलोकन विषेश समितिले गरे बमोजिम हुने ।
- रोजगारीजन्य दुर्घटना भएको ७ दिनभित्र कोषलाई जानकारी गराउनुपर्ने अन्यथा ७ लाखसम्मको मात्र उपचार खर्च पाउने

# पाइने सुविधाहरु




## अशक्तता वापतको सुविधा



- रोजगारीजन्य दुर्घटना वा व्यवसायजन्य रोगका कारण अस्थाइ पूर्ण असक्तता (Temporary Total Disability) भएको खण्डमा निज श्रमिक काममा नफर्किदासम्म आधारभुत पारिश्रमिकको ६०% का दरले बिदा अवधिको भुक्तानी पाउने ।
- स्थायी आंशिक असक्तता (Permanent Partial Disability) भएको खण्डमा असक्तताको प्रतिशतको आधारमा भुक्तानी पाउने ।
- स्थायी पुर्ण असक्तता (Permanent Total Disability) भएको अवस्थामा आधारभुत पारिश्रमिको ६०% आजिवन असक्तावृत्ती (Lifetime Pension) पाउने ।



दुर्घटना र अशक्तता सुरक्षा योजना

## सुविधाका शर्त तथा सिमा

## अशक्तता वापतको सुविधा



- यो सुविधा योगदान शुरु गरेकै मितिबाट लागु हुने ।
- असक्तताको पहिचान सम्बन्धित विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य पुनरावलोकन समितिले गरेबमोजिम हुने ।



## स्किम ३

# आश्रित परिवार सुरक्षा योजना




**योगदानकर्ताको मृत्यु भएमा यस योजना अर्न्तगत आश्रित परिवारलाई निम्न सुविधा प्राप्त हुने**

**(क) पति वा पत्नीले पाउने निवृत्तभरण**

**(ख) सन्ततिले पाउने शैक्षिक वृत्ति**

**(ग) आश्रित वावु आमाले पाउने सुविधा** (पति वा पत्नी वा छोराछोरी नभएमा)

**(घ) अन्तिम संस्कार खर्च**

- *योगदान सुरु गरेकै मितिबाट यो योजना अन्तर्गतको सुबिधा लागु हुनेछ ।*






# पाइने सुविधाहरु

- वृद्धावस्था सुरक्षा योजनामा जम्मा भएको रकम तथा त्यसले आर्जन गरेको प्रतिफल एकमुष्ट फिर्ता,
- पति वा पत्नी, वा बाबुआमाले योगदानकर्ताको आधारभुत पारिश्रमिकको ६० प्रतिशत आजिवन आश्रित पेन्सन,
- छोरा छोरीले १८ वर्षको उमेरसम्म (पढाई निरन्तर भएमा २१ वर्षसम्म) ४० प्रतिशत शैक्षिक सन्ततिवृत्ती,
- रु.२५ हजार अन्तिम संस्कार खर्च ।



# सुविधाका शर्त तथा सिमा




आश्रितले दिस्रो बिहे गरेमा वा बैकल्पिक रोजगार भएमा यो सुबिधा पाउने छैन । तर आश्रीतको रोजगारी समाप्त भै बृद्धवस्था पेन्सन पाउने उमेरमा पेन्सन प्राप्त गर्ने अवस्था नरहेमा निवेदन दिई यो सुबिधा दाबी गर्न सक्ने ।

- एक बच्चा भएमा आधारभुत पारिश्रमिकको ४० प्रतिशत र एक भन्दा बढि बच्चा भएमा दुई सन्तानसम्मलाई दामासाहि रुपमा पाइने ।
- पढाइ निरन्तर रहेको अवस्थामा २१ वर्ष अन्यथा १८ वर्ष सम्म मात्र सन्ततीवृत्ति पाइने ।
- शारीरिक र मानसिक रुपमा असक्षम सन्ततीको हकमा उमेरको हद लागु हुने छैन ।



# स्किम ४

**वृद्धावस्था सुरक्षा योजना** — २८.३३

- **निवृत्तभरण योजना** — २०
- **अवकाश सुविधा योजना** — ८.३३

कोषमा रोजगारदाताले श्रमिकको आधारभूत पारिश्रमिकको १० प्रतिशत सञ्चय कोष वापत र ८.३३ प्रतिशत उपदान वापत समेत गरी जम्मा १८.३३ प्रतिशत रकम र श्रमिकले सञ्चयकोष वापत गर्ने १० प्रतिशत योगदानको रकम गरी जम्मा २८.३३ प्रतिशत

# निवृत्तभरण योजनामा सहभागिता

- संवत् २०७८ साल साउन १ गते वा सो भन्दा पछि कोषमा योगदान प्रारम्भ गर्ने सबै योगदानकर्ता निवृत्तभरण योजनामा समावेश हुनेछन्

- संवत् २०७८ साल असार मसान्तसम्ममा कोषमा योगदान प्रारम्भ गर्ने योगदानकर्ताले कोषमा लिखित रूपमा निवेदन दिई निवृत्तभरण योजनामा सहभागी हुन सक्नेछन्



# निवृत्तभरण योजना अन्तर्गत पाउने सुविधा

- योगदानकर्ताको अवकाश उमेर पुरा भएपछि निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई १६० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण पाउनेछ

- कुनै योगदानकर्ताको सुविधा प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको हकवालालाई निजले कोषमा गरेको योगदान, रोजगारदाताको तर्फबाट भएको योगदान र कोषको लगानीवाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कूल योगदान रकम एकमुष्ठ रूपमा प्रदान गरिनेछ



# निवृत्तभरण पाउन योग्य हुने अवस्था

- निवृत्तभरणप्राप्त गर्न योगदानकर्ताको उमेर साठी वर्ष पूरा भएको र कम्तीमा १८० महिना योगदान गरेको हुनुपर्ने

- योगदानकर्ताले १८० महिनाको योगदान नगर्दै साठी वर्ष उमेर पुरा भएको रहेछ भने निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कूल योगदान रकम एकमुष्ठ लिने वा सो रकमलाई १६० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण लिने मध्ये कुनै एउटा विकल्पको छनौट गर्न सक्ने



# अवकाश सुविधा योजना

- कोषमा जम्मा भएको रकम र सो रकममा प्राप्त प्रतिफल समेत जोडी हुन आउने रकम योगदानकर्ता अवकाश हुँदाका वखत वा निजको रोजगारीको अन्त्य भएको अवस्थामा योगदानकर्ताले र योगदानकर्ताको मृत्यु भएको अवस्थामा निजको हकवालाले एकमुष्ठ भुक्तानी पाउने

- कोषमा जम्मा भएको रकमबाट तीन वर्ष लगातार योगदान गर्ने योगदानकर्ताले अवकाश सुविधा रकममा जम्मा भएको रकमको ८० प्रतिशतसम्म विशेष सापटी लिन सकिने

# अवकाश सुविधा योजनामा जम्मा हुने रकम

- बृद्ध अवस्था सुरक्षा योजना अन्तर्गतको ८.३३% रकम
- अन्य कोषबाट हस्तान्तरित रकम
- तोकिएको बमोजिम भन्दा अधिक पारिश्रमिक हुनेको रकम
- कर बचतको लागि गरिएको अतिरिक्त स्वेच्छिक योगदान
- २०७८ असार मसान्त भित्र योगदान प्रक्रियामा सहभागि हुनेले हस्तान्तरण गरेको निवृत्तभरणको रकम
- ६० बर्षपछि समेत नियमित रोजगारीमा रहेर गरिएको योगदान

# सामाजिक सुरक्षा कोष योजना सञ्चालन कार्यविधि, २०७५ (दोश्रो संशोधन) को मुख्य विषयहरु

**१**
**वृद्ध अवस्था सुरक्षा योजनालाई टुक्राईएको :**
१. निवृत्तभरण योजनामा २०%
२. अवकाश योजनामा ८.३३%

**२**
**२०७८ असार भित्र योगदान प्रारम्भ गर्ने योगदानकर्तालाई विशेष सुविधा :**
१.अवकाश हुँदा सबै रकम निकाल्न सक्ने ।
२.सबै रकमबाट ८०% सापटी पाउने ।

**३**
**योगदानकर्ताले थप योगदान गर्न चाहेमा :**
स्वेच्छिक रुपमा जम्मा गर्न सक्ने ।

**४**
**मासिक अधिक पारिश्रमिक लिने योगदानकर्ताले**
निश्चित सीमा भन्दा वढी रकम अवकाश सुविधा योजनामा जम्मा गर्न सक्ने ।

**५**
**पेन्सन गणनामा नयाँ ब्यवस्था :**
१८० को सट्टा १६० ले भाग गर्ने ब्यवस्था गरिएको ।

**६**
**योगदानकर्ताको पत्नी सुत्केरी भएको अबस्थामा**
६ हप्ता सम्म सुत्केरी संग सम्बन्धित उपचार खर्च पनि पाउने ।

**७**
**६० वर्ष पछि पनि रकम जम्मा गरेमा :**
योगदान रकमको २८.३३ % नै अवकाश सुविधा योजनामा जम्मा हुने ।

**८**
**स्थायी पूर्ण असक्षमता वापत :**
मासिक असक्षमता वृत्तिमा रहेको न्यूनतम पारिश्रमिकको ३ गुणाको सीमा हटाईएको ।

**९**
**निवृत्तभरण लिने योगदानकर्ताले :**
औषधि उपचार सुविधा लिन सक्ने ।

**१०**
**विदेशी योगदानकर्ताको लागि नयाँ ब्यवस्था :**
योगदानकर्ताको मृत्यु भएमा आश्रित परिवार सुरक्षा योजना बापतको एकमुष्ठ रकम लिन सक्ने ।